# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

०२३४०११४४
०२३४०११५५

पत्र संख्या :- २०७६।७७
चलानी नं. :- १२२०

website:www.kankaimun.gov.np
Email :kanakai.mun@gmail.com
info@kankaimun.gov.np


मिति २०७७/०१/२६

विषयः भर्त्सना तथा खेद प्रकट सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कनकाई नगरपालिका, नगरकार्यापलिको मिति २०७७/०१/२४ गतेको वैठकवाट तपशिल बमोजिम निर्णय भएकोले सम्बन्धित सवैमा जनकारीको लागि प्रकाशन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं २:**

कोरोना संकमणका देशै लकडाउन भएको अवस्थामा राहात वितरण संघीय सरकारद्धारा जारी गरिएको मार्ग दर्शन, नगरपालिकाद्वारा जारी गरिएको कार्यविधि तथा सर्वदलीय निर्णयमा समेत एकद्धार प्रणालीबाट राहत वितरण गर्ने नीति रहेको र सोही नीति अनुरुप राहत वितरण गरिएको व्यहोरा सबैमा अवगत नै छ । यसै विषयलाई लिएर एभिन्यूज टि.भी द्धारा मिति २०७७/०१/२० गते कनकाई ९ निवासी निर्माण व्यवसायी शेरबहादुर थापाले राहत बाडेको विषयलाई लिएर निजको टेलिफोन संवादका आधारमा यस नगरका नगर प्रमुख तथा वडा अध्यक्षहरु माथि कार्यक्रम संचालकले बिना सम्पर्क र बिना पुस्टयाई अपमानजनक शव्दहरु प्रयोग गरी गाली तथा मानहानी गरेकोमा सो कार्यको यो कार्यपालिका बैठकद्वारा घोर भर्त्सना र खेद प्रकट गर्ने निर्णय गरियो । शेरबहादुर थापाले एकद्धार प्रणालीलाई नमानेकोले निजलाई उपरान्त त्यस्ता क्रियाकलाप नगर्न सचेत गराउने निर्णय गरियो । कनकाई नगर प्रमुख, नगरका सबै वडाध्यक्षहरु, जनप्रतिनिधिहरु एव्म नगरबासीहरु प्रति संचालकले प्रयोग गरेका शब्दप्रति बैठकले खेद प्रकट गर्दै त्यस्तो अमर्यादित, एकपक्षिय, गैरजिम्मेबारपूर्ण, गालीगलौज सहित अभिव्यक्ति दिएकोमा तथा भ्रमपूर्ण समाचार सम्प्रेषण गरेकोमा सो कार्यक्रममा संचालक सुशील पाण्डेलाई हदैसम्मको कारवाहीको लागि सम्बन्धित निकायमा लेखीपठाउने निर्णय गरियो ।